बैठक संख्या: ३५।२०८१
बैठक मिति:२०८१।१२।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।१२।०७ गते बिहिबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रौनियार | का.वा. वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री सीता ढुंगेल फुयाल | का.वा. वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |

बैठक संख्या: ३५।२०८१
बैठक मिति:२०८१।१२।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | [signature] |
| ३ | श्री सन्दिप कुमार झा | इन्जिनियर | |
| ४. | श्री दिलिप चौधरी | स.क.अ | [signature] |
| ५. | श्री निरज चौधरी | स.क.अ | |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १ : ई- रिक्सा दर्ता गर्ने सम्बन्धमा।

२. प्रस्ताव नं. २ : विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

रामधुनी नगरपालिकामा हाल डोर हाजिरामा कार्यरत मेकानिकल इन्जिनियर रपेश चौधरि लाई मिति २०८१।१२।१३ र १४ गते २ दिन बिहान १० बजे बाट ५ बजे सम्म ई- रिक्सा दर्ता गर्ने कार्यको लागि विज्ञको रुपमा खटाउने निर्णय गरियो ।

**निर्णय नं.२(क)**

रामधुनी न.पा. अन्तर्गत विभिन्न शाखागत/ वडागत कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न तपसिलका कार्यविधि निर्माण गर्न विज्ञबाट परामर्श सेवा खरिद गर्ने निर्णय गरियो।

**तपसिल**

१ जेष्ठ नागरिक सम्बन्धी कार्यविधि तथा (समुह, समिति गठन) कार्य संचालन विधान ।

२. एकल महिला सम्बन्धी कार्य संचालन विधान ।

३. जे.सी पोलिसी सम्बन्धी कार्यविधि ।

४. मनोसामाजिक परामर्श सम्बन्धी कार्यविधि ।

५. महिला समुह समिति कार्य सञ्चालन सम्बन्धी विधान ।

[signatures]

CamScanner

बैठक संख्या: ३५।२०८१
बैठक मिति:२०८१।१२।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ख)**

रामधुनी नगरपालिका वडा नं. ९ को च.न. १४७९ मिति २०८१।१२।०७ गतेको प्राप्त पत्रानुसार रामधुनी न.पा. को आ.व. २०८१।०८२ मा रहेको नगर स्तरिय योजना देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

देहायः

| क्र.स | हाल रहेको योजना | रकम | क्र.स | संसोधन पछिको योजना | रकम |
|---|---|---|---|---|---|
| १ | छपकी खवास टोल बाटो मर्मत संभार | ५ लाख | १ | छपकी खवास टोल बाटो एजिङ्ग निर्माण तथा माटो पुर्ने | ५ लाख |

**निर्णय नं.२(ग)**

रामधुनी नगरपालिका वडा नं. ९ को च.न. १४६८ मिति २०८१।१२।०४ गतेको प्राप्त पत्रानुसार रामधुनी न.पा. को आ.व. २०८१।०८२ मा रहेको नगर स्तरिय योजना देहाय बमोजिम सकमान्तर गर्ने निर्णय गरियो ।

देहायः

| क्र.स | हाल रहेको योजना | रकम | क्र.स | रकम थप हुने योजना | सकमान्तर रकम (जम्मा) |
|---|---|---|---|---|---|
| १. | सितपुर नारायण चौधरीको घर जाने बाटो ईन्टरलक | १ लाख ५० हजार | १. | श्री शनिश्चरे मा.वि.को छाना मर्मत मा | २ लाख ५० हजार |

बैठक संख्या: ३५।२०८१
बैठक मिति:२०८१।१२।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(घ)**

नेपाल माझी उत्थान संघ जिल्ला कार्य समिति सुनसरी को च.न. २२ मिति २०८१।१२।०४ गतेको पत्रानुसार माझी जातिको महान चाड "कोशी पूजा" मा कोशी प्रदेशका वातावरण, वन तथा पर्यटन मन्त्री सदानन्द मण्डल ज्यूको प्रमुख आतिथ्यतामा प्रदेश स्तरीय कोशी पूजा सम्पन्न गरेको हुनाले आर्थिक सहायता बापत रकम रू ३५,०००।- आर्थिक सहयोग शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ङ)**

रामधुनी न.पा. मा कार्यरत योजना शाखा प्रमुख विनय परियार ज्यू लाई आ.ले.प. सम्बन्धी कार्य गर्न ४ महिना लागेको हुँदा उक्त समयमा खाना, खाजा बापतको रकम रू २५,००० अनुगमन मूल्याङ्कन खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.२(च)**

रामधुनी न.पा. वडा नं. ७ मा दोश्रो प्रदेश स्तरीय नकआउट फूटबल प्रतियोगिता सञ्चालन बापत अल्टिच्युड क्लब इटहरी लाई रू ४,००,००० । - नमूना विद्यालय सञ्चालन अनुदान शिर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२(छ)**

नेपाल मध्यस्थता परिषद (नेप्का) को च.न. ७३०।०८१।८२ प्राप्त पत्रानुसार उक्त नेप्का लाई पेश गरे बमोजिमको रकम रू ९,३३,०७० समपूरक कोष बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२(ज)**

रामधुनी न.पा. वडा नं ४ बस्ने राधा भट्टराई को कृषि बोरिङ्ग लाई आर्थिक सहयोग बापत रकम रु १०,००० । - आर्थिक सहयोग शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

बैठक संख्या: ३५।२०८१
बैठक मिति:२०८१।१२।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(झ)**

रामधुनी न.पा. २ को च.न १२५५ मिति २०८१।१२।०६ गतेको पत्रानुसार वडा नं. २ को तिनिवन चोक बाट मधेशा जाने बाटोमा स्लाब र एजिङ्ग निर्माण गर्नका लागि प्राविधिक इस्टमेट बमोजिम रकम रु ५६,११०।- भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(य)**

रामधुनी न.पा. अन्तर्गतको झुम्का आधारभूत अस्पतालमा एक्सरे खरिद शीर्षकमा १७ औं नगर सभाबाट रु २५,००,००० विनियोजित भएकोमा १६ औं नगर सभाबाट झुम्का आधारभूत अस्पताल एक्सरे भवन निर्माणमा विनियोजित रू २५ लाख लाई समेत रकमान्तर गरि कुल बजेट रु ५०,००,०००।- मध्ये बाट उक्त अस्पतालमा तत्काल आवश्यकता परेको Digital X-Ray 500 mA with DR System 1 Set प्राविधिक लागत अनुमान बमोजिम पेश हुन आएको रू ४९,८३,३००।- (भ्याट सहित) को रकम बाट E-Bidding मार्फत खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।



CamScanner